आज मिति २०७७।१।१७ गतेका दिन प्रमुख जिल्ला अधिकारी श्री प्रेमलाल लामिछानेको अध्यक्षतामा COVID-19 Crisis management center जिल्लास्तरीय सदस्यहरुको बैठक निम्नानुसारको उपस्थितिमा बसी निम्नानुसार निर्णय गरियो ।

## उपस्थिति

प्र.जि.अ. श्री प्रेमलाल लामिछाने, जिल्ला प्रशासन कार्यालय
जि.स. प्रमुख श्री शंकर थापा, जिल्ला समन्वय समिति
नगरपालिका प्रमुख श्री मुक्तिनाथ यादव, गुलरिया नगरपालिका
" श्री गणेश बहादुर के.सी., मधुवन नपा
" श्री दुर्गा बहादुर थापा, बारबर्दिया "
" श्री ध्रुव नारायण शाह, ठाकुरबाबा "
" श्री शिवकुमार थापा, राजापुर "
" श्री शालिकराम अधिकारी, बाँसगढी "
अध्यक्ष श्री लाल बहादुर शाह, बढैयाताल गाउँपा
उपाध्यक्ष श्री निरा कुमारी थापा, गेरुवा गाउँपा
प्र.प्र. श्री राजेशनाथ वाग्ले, जि.प्र.का. बर्दिया
स.प्र.उ. श्री यादव विश्वकर्मा, शान्ति प्रबल गण
उप म.ले.नि. श्री योगानन्द के.सी., रा.अनु.जि.का. बर्दिया
सेनानी श्री रमेश शाही, भैरवप्रसाद गुल्म
जनस्वा.नि. श्री गोकर्ण गिरी, स्वास्थ्य कार्यालय बर्दिया
नि.जि.नि.अ. श्री कृष्ण बहादुर रेग्मी, जिल्ला नि.का.
प्रशासकीय अ. श्री गणेश विक्रम शाह, जि.प्र.का. बर्दिया
" श्री बालकृष्ण अधिकारी, —"—
" श्री नारायण प्रसाद पौडेल, —"—
क.अ.कं. श्री रुपन सापकोटा, जिल्ला प्रशासन कार्यालय

निर्णय

१. यस वर्दिया जिल्लामा नोवेल कोरोना भाईरस (COVID-19) को संक्रमणको जोखिम नियन्त्रण तथा रोकथाम गर्ने सम्बन्धमा भईरहेका प्रयासहरूको बारेमा समिक्षा भयो ।

२. नोवल कोरोना भाईरस (COVID-19) को संक्रमणको जोखिम नियन्त्रण, रोकथाम तथा उपचारका सम्बन्धमा नेपाल सरकार तथा प्रदेश सरकारबाट थप कुनै निर्णय भएमा सोही बमोजिम हुने गरी हाल देहाय बमोजिम गर्ने :

क. यस जिल्लाका सर्वसाधारण नागरिकहरू विभिन्न पेशा व्यवसाय तथा मजदुरी गर्ने सिलसिलामा विभिन्न जिल्लामा रहेका छन । नोवल कोरोना भाईरस (COVID-19) को संक्रमणको जोखिम नियन्त्रण तथा रोकथामका लागि घोषित लकडाउनका कारण प्रभावित भई जिल्ला फर्कने क्रम जारी रहेको छ । यसरी अन्य जिल्लाबाट यस जिल्लामा प्रवेश गर्दा ज्वरोको परिक्षण गरी होम क्वारेन्टाईनमा बस्ने गरी व्यवस्थापन गरिएको छ । हाले कैलाली तथा पर्सा जिल्लामा संक्रमित व्यक्ति भेटिएको तथा यस जिल्लासंग सिमाना जोडिएको भारतको उत्तर प्रदेश प्रान्तको विभिन्न स्थानमा समेत संक्रमितहरूको संख्या बढ्दै गएको हुदा संक्रमणको उच्च जोखिमलाई मध्यनजर गरी अन्य जिल्लाबाट यस जिल्लामा आउने क्रम रोक्ने ।

ख. लुकिछिपी जिल्ला प्रवेश गरेमा तत्काल नियन्त्रणमा लिई सम्बन्धित नगरपालिका/ गाउँपालिकाले अनिवार्य रूपमा स्वास्थ्य परिक्षण गराई क्वारेन्टाईन सेन्टरमा राख्ने व्यवस्था मिलाउने ।

ग. अन्य जिल्लामा रहेका यस जिल्लाका नागरिकलाई हाल जे जस्तो अवस्थामा जहाँ छन त्यहि सुरक्षित रूपमा बस्न अनुरोध गर्ने। खान/बस्न कठिनाइ भएमा खाने बस्ने व्यवस्थाका लागि सम्बन्धित कम्पनी/व्यवसायी/ठेकेदारसंग समन्वय गर्ने । आवश्यक सहयोगका लागि सम्बन्धित जिल्लाका प्रजिअ तथा सुरक्षा निकाय समक्ष अनुरोध गर्ने ।

घ. कैलाली कञ्चनपुर तथा संक्रमण देखिएका जिल्लाबाट यस जिल्लामा मानिसहरूको आगमनमा रोक लगाउने ।

ङ. भारतसंगको सिमानामा आवागमनमा भईरहेको नियन्त्रणलाई थप कडाई गर्ने । आवागमन हुन/गर्न नदिने कार्यमा सम्वन्धित नगरपालिका/गाउँपालिकाबाट सुरक्षा निकायलाई आवश्यक सहयोग तथा समन्वयका लागि प्रत्येक वडामा वडास्तरीय निगरानी समूह गठन गर्ने, सिमामा वत्ती, खानेपानीको व्यवस्था गर्ने, संकाष्पद व्यक्ति फेला परेमा सुरक्षा निकायसंग समन्वय गरी तत्काल क्वारेन्टाईन सेन्टरमा राख्ने व्यवस्था मिलाउने ।